# कृषि ज्ञान केन्द्र, दाङको सूचना

**दोश्रो पटक प्रकाशित मिति: २०७६/०९/०४**

यस केन्द्रको आ.व. २०७६/०७७ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत **ब्लक विकास कार्यक्रम** देहाय बमोजिमको संख्यामा संन्चालनको लागी पर्याप्त आवेदन प्राप्त हुन नआएकोले इच्छुक कृषक समूह/कृषि सहकारी/कृषि फर्म/कृषक उद्यमीले तपसिल बमोजिमका आवश्यक कागजात सहित १५ दिन (मिति २०७६/०९/१८) भित्र कृषि ज्ञान केन्द्र, दाङमा प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि दोश्रो पटक पुन:यो सूचना प्रकाशित गरिएको छ । म्यादभित्र वा रितपूर्वक नआएका प्रस्ताव उपर कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ । निवेदनको ढाँचा, आयोजना प्रस्तावनाको ढाँचा, ब्लकको मापदण्ड र व्यवसायिक खेतीको मापदण्ड यस केन्द्रको वेब साईट dang.akc.gov.np बाट डाउन गर्न सकिनेछ ।

२०७६/९/१८

भरतमणि पोखरेल
कृषि प्रसार अधिकृत
आठौं तह

**कार्यक्रमको विवरण**

(क) दाङ जिल्ला- नयाँ ब्लक संख्या -६

(ख) प्यूठान जिल्ला- नयाँ ब्लक संख्या -३

**आवस्यक कागजातहरु :**

(१) निवेदन ।
(२) योजनाको प्रस्तावना ।
(३) योजना/कार्यक्रम माग सम्बन्धी निर्णय प्रतिलिपि ।
(४) कृषक समूह/कृषि सहकारी संस्था/निजि फार्म दर्ता प्रमाण-पत्रको प्रतिलिपि ।
(५) कृषि सहकारीको हकमा लेखा परिक्षण प्रतिवेदन र कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि ।
(६) निजि फार्मको हकमा कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि ।
(७) जग्गाधनीको पूर्जाको प्रतिलिपि ।
(८) जग्गा भाडामा लिएको भए सम्झौता पत्र र जग्गाधनीको पूर्जाको प्रतिलिपि ।
(९) खेती गर्ने कृषकले सम्भौता अवधिभर खेती गर्ने प्रतिवद्धता पत्र ।
(१०) सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।
(११) सम्बन्धित गा.पा./न.पा./उ.म.न.पा. कृषि शाखाको सिफारिस पत्र ।

**नोट :** थप जानकारीको लागि यस केन्द्रका सहायक सूचना अधिकारी श्री फिर्तुमान चौधरी ९७५८००१९३८ सँग सम्पर्क गर्नुहोला ।

# कृषि ज्ञान केन्द्र, दाङको सूचना

**दोश्रो पटक प्रकाशित मितिः २०७६/०९/०४**

कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधि २०७६ अनुसार कृषि ज्ञान केन्द्र दाङको आ.व. ०७६/०७७ को **कृषि विकास कार्यक्रम** अन्तर्गत देहाय बमोजिमको कार्यक्रममा पर्याप्त आवेदन प्राप्त हुन नआएकोले सहभागी हुन इच्छुक दाङ र प्यूठान जिल्लाका कृषक समूह/कृषि सहकारी/कृषि फर्म/कृषक उद्यमीले अधिकतम अनुदान रकम सिमा ननाघ्ने गरी दोश्रो पटक पुन: यो सूचना प्रकाशन भएको मितिले १५ दिन (मिति २०७६/०९/१८) भित्र आवस्यक कागजात संलग्न गरी यस कार्यालयमा प्रस्ताव पेश गर्नुहुन सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। म्यादभित्र वा रितपूर्वक नआएका प्रस्ताव उपर कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ । निवेदनको ढाँचा, प्रस्तावनाको ढाँचा, संलग्न गर्नुपर्ने कागजात र मापदण्ड यस केन्द्रको वेब साईट dang.akc.gov.np बाट डाउन लोड गर्न सकिनेछ ।

**सहभागी हुन सकिने** अनुदान कार्यक्रमहरु

(क) दलहन वाली विकास कार्यक्रम

(ख) मौरी चरण क्षेत्र विकास कार्यक्रम

२०७६/९/४

भरतमणि पोखरेल
कृषि प्रसार अधिकृत
आठौं तह

**आवस्यक कागजातहरु :**

१. प्रस्तावकको निवेदन ।
२. समुह/सहकारी/निजी कृषि फर्म/कम्पनीहरुले नियमानुसार दर्ता भएको प्रमाण-पत्रको प्रतिलिपि ।
३. स्थायी लेखा नम्बर प्रमाण-पत्रको प्रतिलिपि ।
४. गत आर्थिक बर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि ।
५. कार्यक्रम सञ्चालनको लागि प्रस्ताव ।
६. प्रस्तावकले कार्यक्रमको लागि प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि ।
७. सम्बन्धित स्थानीय तहको सिफारिस पत्र ।
८. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि ।
९. निर्माण गरिने पूर्वाधारको हकमा लागत अनुमान तथा नक्सा ।
१०. कार्यक्रम सञ्चालनको लागि जग्गा धनी दर्ता प्रमाण-पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको लागि कम्तिमा ....... वर्षको करार गरिएको सम्झौता-पत्रको प्रतिलिपि ।
११. अनुदानग्राहीले सोही प्रकृतिको कार्यक्रममा विगत दुई वर्ष भित्र अनुदान रकम दुई लाख वा सो भन्दा बढी नपाएको स्वघोषणा पत्र पेश गर्नुपर्ने ।

**नोट :** थप जानकारीको लागि यस केन्द्रका सहायक सूचना अधिकारी श्री फिर्तुमान चौधरी ९७५८००१९३८ सँग सम्पर्क गर्नुहोला ।